श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४० सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### पेट्रोलियम सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्ने र देशको द्रुततर आर्थिक विकासको लागि देशमा भइरहेको पेट्रोलियम सम्बन्धी स्रोतहरूको विकास गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल पेट्रोलियम ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिमा प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कच्चा तेल" भन्नाले इनारको मुहान (वेलहेड) मा उत्पादित तरल अवस्थामा रहेको पेट्रोलियम र आसफाल्ट, ओजोकराइट सम्झनुपर्छ र सो शब्दले प्राकृतिक ग्याँसबाट प्राप्त भएको डिस्टीलेट वा कन्डेनसेट भनिने तरल पेट्रोलियम समेतलाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "ठेकेदार" भन्नाले दफा ८ बमोजिम श्री ५ को सरकारसँग पेट्रोलियम सम्झौता गर्ने स्वदेशी वा विदेशी लगानीकर्ता सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "पेट्रोलियम" भन्नाले कच्चा तेल, प्राकृतिक ग्याँस र प्राकृतिक अवस्थामा रहेको अन्य सम्पूर्ण तरल, ग्याँसयुक्त, खँदिलो वा अर्ध-खँदिलो हाइड्रोकार्वोन सम्झनुपर्छ र सो शब्दले त्यस्तो हाइड्रोकार्वोनसँग संलग्न रहेको गन्धक, हेलियम र त्यस्तै अन्य वस्तु समेतलाई जनाउँछ ।

(ङ) "पेट्रोलियम कार्य" भन्नाले पेट्रोलियमको अन्वेषण, विकास वा उत्पादन सम्झनुपर्छ र सो शब्दले त्यसरी उत्पादित पेट्रोलियमको शुद्धीकरण, ढुवानी सञ्चय वा बिक्री वितरण समेतलाई जनाउँछ ।

(च) "पेट्रोलियम सम्झौता" भन्नाले दफा ८ बमोजिम श्री ५ को सरकारले कुनै ठेकेदारसँग पेट्रोलियम कार्य गर्नको लागि गरेको सम्झौता सम्झनुपर्छ ।

(छ) "प्राकृतिक ग्याँस" भन्नाले आर्द्र ग्याँस, तेल वा ग्याँसका इनारहरूबाट उत्पादित ग्याँसयुक्त पेट्रोलियम र आर्द्र ग्याँसबाट तरल पेट्रोलियम निकाली बाँकी रहन आएको ग्याँस समेत सम्झनुपर्छ ।

(ज) "विभाग" भन्नाले श्री ५ को सरकारको खानी तथा भूगर्भ विभाग सम्झनुपर्छ ।

३. श्री ५ को सरकारको सम्पत्ति हुने: नेपालभित्र निजी वा सरकारी जुनसुकै जग्गामा रहेको वा पाइएको सम्पूर्ण पेट्रोलियम श्री ५ को सरकारको सम्पत्ति हुनेछ ।

४. पेट्रोलियम कार्य गर्ने अधिकार: (१) पेट्रोलियम कार्य सञ्चालन गर्ने एकाधिकार श्री ५ को सरकारलाई हुनेछ ।

(२) श्री ५ को सरकारले पेट्रोलियम कार्यको सञ्चालन आफैले गर्न वा कुनै ठेकेदारबाट गराउन सक्नेछ ।

(३) पेट्रोलियम सम्झौता अन्तर्गत सञ्चालन हुने पेट्रोलियम कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ ।

५. पेट्रोलियम कार्यको सञ्चालन: (१) पेट्रोलियम कार्य सञ्चालन गर्दा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा पेट्रोलियम सम्झौताको अधीनमा रही देहाय बमोजिम गरी सञ्चालन गर्नु पर्नेछ:-

(क) पेट्रोलियम उद्योगमा अपनाइने स्वस्थ प्रणालीको अनुसरण गरी लगनशील, दक्ष एवं मितव्ययी तरीका अपनाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) धनजनको सुरक्षाको उचित ध्यान राख्नुको साथै यथासम्भव वन जङ्गल र प्राकृतिक सम्पदा एवं वातावरणको प्रदूषण तथा क्षति नहुने गरी गर्ने ।

(ग) दीर्घकालीन दृष्टिकोणबाट अधिकतम मात्रामा पेट्रोलियम उपलब्ध हुने गरी सर्वोत्तम संरक्षण प्रणाली अपनाउने ।

(२) पेट्रोलियम कार्य सञ्चालन गर्दा संकलन गरिएको एवं प्राप्त भएको सम्पूर्ण नमूना आँकडा र जानकारी तथा विवरणहरू श्री ५ को सरकारको सम्पत्ति हुनेछ ।

(३) पेट्रोलियमको उत्पादन शुद्धीकरण, ढुवानी वा सञ्चयको निमित्त निर्माण गरिएको सम्पूर्ण बनोटहरू र स्थायी रूपमा जडान गरिएको सम्पूर्ण वस्तु तथा उपकरणहरू श्री ५ को सरकारको सम्पत्ति हुनेछ ।

६. अनुमति, सहमति वा सिफारिश सम्बन्धी दरखास्तः (१) पेट्रोलियम कार्यको सन्दर्भमा कुनै व्यक्तिलाई कुनै निकायको अनुमति, सहमती वा सिफारिशको आवश्यकता परेमा त्यसको कारण र आवश्यक विवरण खुलाई विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा विभागले आवश्यक कारवाई गरी दिनेछ ।

७. पेट्रोलियम परामर्श समितिः (१) पेट्रोलियम कार्य सम्बन्धमा श्री ५ को सरकार-लाई परामर्श दिन तोकिए बमोजिम एक पेट्रोलियम परामर्श समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. पेट्रोलियम सम्झौताः (१) दफा ४ को उपदफा (२) बमोजिम श्री ५ को सरकार आफैले पेट्रोलियम कार्य सञ्चालन नगरिकन कुनै ठेकेदारबाट पेट्रोलियम कार्य सञ्चालन गराउँदा तोकिए बमोजिम पेट्रोलियम सम्झौता गर्नु पर्नेछ ।

(२) पेट्रोलियम सम्झौता गर्दा पेट्रोलियम कार्यको लागि तोकिए बमोजिम पूँजी, प्राविधिक निपुणता तथा पेशासम्बन्धी दक्षता हासिल गरेका योग्य ठेकेदार-हरूसँग मात्र गर्नु पर्नेछ ।

(३) श्री ५ को सरकारको पूर्व स्वीकृति विना पेट्रोलियम सम्झौता अन्तर्गत प्राप्त अधिकार तथा उत्तरदायित्वहरू ठेकेदारले अरू कसैलाई तोक्ने वा हस्तान्तरण गर्न पाउनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. विशेष व्यवस्थाः (१) श्री ५ को सरकारले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, ऐतिहासिक महत्व वा पर्यटन विकासको दृष्टिकोणबाट कुनै क्षेत्रलाई पेट्रोलियम कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै खास क्षेत्रको सम्बन्धमा विशेष शर्तहरू तोकी पेट्रोलियम कार्य गर्न दिन सक्नेछ ।

(२) श्री ५ को सरकारले पेट्रोलियम कार्यमा कुनै बाधा अडचन नपर्ने गरी पेट्रोलियम सम्झौता अन्तर्गतको क्षेत्रभित्र आफैंले सबै प्रकारको भौगर्भिक अन्वेषण गर्न वा कुनै व्यक्तिलाई पेट्रोलियम बाहेक अन्य खनिज पदार्थको अन्वेषण वा उत्पादन गर्न दिनसक्नेछ ।

१०. आदेश जारी गर्नेः श्री ५ को सरकारले पेट्रोलियम कार्यबाट राष्ट्रिय सुरक्षा वा सार्वजनिक हित संरक्षण गर्न पेट्रोलियमको भण्डारलाई हुन सक्ने क्षति वा कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानीको रोकथाम गर्न र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा पेट्रोलियम सम्झौता अन्तर्गतका शर्तहरू पालना गराउन आवश्यक देखिएका आदेश जारी गर्न सक्नेछ ।

११. निरीक्षण तथा जाँचबुझः (१) यो ऐन यस ऐन अन्तर्गत बनेको नियम तथा पेट्रोलियम सम्झौता बमोजिम काम कारवाई भए नभएको निरीक्षण तथा जाँच-बुझ गर्न श्री ५ को सरकारले कुनै व्यक्ति अधिकारी वा निकायलाई अधिकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकृत व्यक्ति अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा पेट्रोलियम कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात र विवरण उपलब्ध गराउनु ठेकेदार लगायत सम्बन्धित सबै व्यक्तिको कर्तव्य हुनेछ ।

१२. पेट्रोलियमको निर्यातः पेट्रोलियम सम्झौतामा व्यवस्था भए बमोजिम राष्ट्रिय सुरक्षा वा आन्तरिक मागको आपूर्ति गर्नको लागि श्री ५ को सरकारले आदेश जारी गरी निर्यात गर्न नपाउने गरी अस्थायी बन्देज लगाएकोमा बाहेक पेट्रोलियम सम्झौताको अधीनमा रही ठेकेदारले आफ्नो भागको पेट्रोलियम विदेशमा निर्यात गर्न पाउनेछ ।

१३. कर सम्बन्धी सहूलियतः देहाय बमोजिमको कर, दस्तूर र शुल्क बाहेक पेट्रोलियम कार्यमा ठेकेदारलाई प्रचलित कानून बमोजिम लाग्ने कुनै पनि कर, दस्तूर, महसूल वा शुल्क लाग्नेछैनः–

(क) बिक्री गरेको वा खर्च गरेको पेट्रोलियमको मूल्यमा तोकिए बमोजिम कम्तिमा १२½ प्रतिशतका दरले रोयल्टी,

त्यस्तो रोयल्टी श्री ५ को सरकारले तोके बमोजिम कच्चा तेल वा नगदमा वा केही कच्चा तेल र केही नगदमा बुझाउनु पर्नेछ ।

(ख) तोकिए बमोजिम वार्षिक भू-बहाल ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पेट्रोलियम कार्यबाट प्राप्त भएको खुद आयमा ५० प्रतिशतका दरले आयकर ।

स्पष्टीकरण: खुद आय भन्नाले पेट्रोलियम सम्झौतामा उल्लिखित कार्यविधि तथा आयकर ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम बमोजिम निर्धारण भएको खुद आय सम्झनुपर्छ ।

(घ) श्री ५ को सरकारले कुनै सेवा उपलब्ध गराए बापत सर्वसाधारण तवरले लाग्ने रजिष्ट्रेशन दस्तूर वा अन्य सेवा शुल्क ।

(ङ) पेट्रोलियम सम्झौता वा यस ऐन अन्तर्गत बनेको नियममा व्यवस्था भए बमोजिमको अन्य कर वा दस्तुर ।

१४. भन्सारसम्बन्धी सहूलियत: (१) पेट्रोलियम कार्यका लागि आवश्यक पर्ने भनी विभागले प्रमाणित गरे बमोजिमको सबै वस्तु तथा उपकरण नेपालमा आयात गर्ने अधिकार ठेकेदार एवं निजको कटकेन्दार (सब कन्ट्राक्टर) लाई प्राप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम ठेकेदार र कटकेन्दारले आयात गरेको वस्तु तथा उपकरणमा सबै किसिमको आयात महसूल एवं करहरू छुट हुनेछ ।

(३) ठेकेदार र कटकेन्दारले उपदफा (१) अन्तर्गत आयात गरेको तर पेट्रोलियम कार्यको लागि स्थायी रूपले जडान नगरेको सबै वस्तु तथा उपकरणहरू कुनै किसिमको महसूल एवं करहरू नतिरी पुनः निर्यात गर्न पाउनेछ ।

१५. विदेशी मुद्रासम्बन्धी सहूलियत: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ठेकेदारले पेट्रोलियम कार्यबाट प्राप्त रकम नेपालमा वा अन्य कुनै विदेशी मुलुकमा राख्न तथा त्यस्तो रकम नेपालभित्र वा बाहिर वा एक मुलुकबाट अर्को मुलुकमा सार्न सक्नेछ । तर ठेकेदारले त्यस प्रकारको प्रत्येक कारवारको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले तोके अनुसारको विवरण नेपाल राष्ट्र बैङ्कलाई दिनु पर्नेछ ।

(२) ठेकेदारले पेट्रोलियम कार्यको लागि नेपालभित्र ल्याएको रकम वा पेट्रोलियम कार्यबाट प्राप्त गरेको रकममध्ये पेट्रोलियम सम्झौता अनुसार निजले पाउन सक्ने रकम प्रचलित कानून बमोजिम विदेशी मुद्रामा सटही गरी नेपाल-बाहिर लैजान सक्नेछ ।

१६. विदेशीलाई काममा लगाउन सकिने: पेट्रोलियम कार्य सञ्चालन गर्नको लागि योग्य एवं दक्ष नेपाली नागरिक नपाइने भएमा विभागको पूर्व स्वीकृति लिई विदेशी नागरिकलाई काममा लगाउन सकिनेछ ।

१७. जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने अधिकार: (१) दफा ८ को उपदफा (१) बमोजिम पेट्रोलियम कार्यको लागि निषेधित गरेको क्षेत्रमा बाहेक अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रमा रहेको कुनै जग्गा पेट्रोलियम कार्य सञ्चालन गर्नको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा देहायका कुराको अधीनमा रही उपयोग वा प्राप्त गर्न सकिनेछः–

(क) त्यस्तो जग्गा श्री ५ को सरकारको भए ठेकेदारले श्री ५ को सरकारलाई श्री ५ को सरकारले तोकिदिए बमोजिम मुनासिब माफिकको भू-बहाल बुझाई उपयोग गर्न सक्नेछ ।

(ख) त्यस्तो जग्गा कुनै व्यक्तिको भए श्री ५ को सरकारले प्रचलित कानून बमोजिम अस्थायी वा स्थायी तवरले ठेकेदारको खर्चमा प्राप्त गरी ठेकेदारलाई उपयोग गर्न दिन सक्नेछ ।

(२) पेट्रोलियम कार्य सञ्चालन गर्नको लागि कुनै जग्गामा केही समयको लागि कुनै उपकरण, औजार वा यन्त्र जडान गर्न वा नाप नक्शा वा सो सम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सकिनेछ ।

(३) श्री ५ को सरकार वा ठेकेदारले पेट्रोलियम कार्य सञ्चालन गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रूख, घर, वस्तु वा अन्य सम्पत्तिको नोक्सानी भएमा प्रचलित कानून बमोजिमको क्षतिपूर्ति श्री ५ को सरकारले आफैले वा ठेकेदारबाट असूल गरी सम्बन्धित जग्गावालालाई दिनेछ ।

१८. सूचना तथा प्रतिवेदन दिनु पर्नेः ठेकेदारले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन विभागमा दिनु पर्नेछ ।

१९. दण्ड सजायः (१) कसैले यस ऐन बमोजिम पेट्रोलियम सम्झौता गर्नु पर्नेमा त्यस्तो सम्झौता नगरी पेट्रोलियम कार्य सञ्चालन गरेमा श्री ५ को सरकारले त्यस्तो पेट्रोलियम कार्य बन्द गर्नेछ र पेट्रोलियम कार्यमा प्रयोग गरिएका सामान र औजारहरू तथा अनधिकृत तवरले उत्पादन गरिएको पेट्रोल समेत जफत गरी त्यस्तो व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) ठेकेदारले दफा १० बमोजिमको आदेश पालना नगरेमा त्यस्तो आदेश पालना नगरेसम्म श्री ५ को सरकारले पेट्रोलियम कार्य स्थगित गर्न सक्नेछ र त्यस्तो आदेश पालना नगरेको कारणबाट कसैको ज्यू वा सम्पत्तिमा चोट पटक वा नोक्सानी पर्न गएमा वा पेट्रोलियमको भण्डारमा क्षति पुग्न गएमा त्यसको मुनासिब माफिकको क्षतिपूर्ति समेत श्री ५ को सरकारले ठेकेदारबाट भराउन सक्नेछ ।

(३) ठेकेदारले दफा १८ बमोजिम विभागमा दिनु पर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म श्री ५ को सरकारले यस ऐन बमोजिम ठेकेदारले पाउने सहूलियतहरू निलम्बन वा रोक्का गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) ठेकेदारले यस ऐनको बर्खिलाप कुनै काम कारवाई गरेमा श्री ५ को सरकारले निजलाई एकलाख रूपैयाँसम्म जरीवाना गर्ने वा कुनै खास अवधि तोकी यस ऐन बमोजिम ठेकेदारले पाउने सहूलियत निलम्बन वा रोक्का गर्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) वा (४) अन्तर्गत कारवाई गर्नुभन्दा अगाडि श्री ५ को सरकारले सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण पेश गर्न मनासिव मौका दिनेछ ।

(६) यस ऐन बमोजिम कुनै ठेकेदारलाई पेट्रोलियम सम्झौता अनुसार पेट्रोलियम कार्य गर्दा वा अन्य अधिकृत काम गर्दा कसैले मनासिव कारणमा बाहेक त्यस्तो कार्यमा बाधा पारेमा वा कुटपिट गरेमा वा रोकतोक गरेमा निजलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीको आदेशले ६ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा दुवै हुन सक्नेछ ।

(७) उपदफा (१), (२), (३), (४) वा (६) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र क्षेत्रीय अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२०. मध्यस्थता : दफा १९ मा उल्लेखित कुरामा बाहेक श्री ५ को सरकार र ठेकेदार-बीच पेट्रोलियम सम्झौता अन्तर्गत कुनै कुराको व्याख्या वा सम्झौताका शर्तको उल्लङ्घन वा सम्झौता भङ्ग गरेको विषयलाई लिएर कुनै झगडा वा विवाद उठेकोमा वा कुनै दावी गर्नु परेकोमा दुवै पक्षले आफ्नो सर-सल्लाहबाट त्यस्तो झगडा विवाद वा दावी सुल्झाउन नसकेमा पेट्रोलियम सम्झौतामा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई मध्यस्थताद्वारा समाधान गरिनेछ ।

२१. पेट्रोलियम प्रशोधन सम्बन्धी व्यवस्थाः (१) पेट्रोलियम प्रशोधन सम्बन्धी कार्य गर्न चाहनेले विभागबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिन चाहनेले पेश गर्नु पर्ने विवरण, अनुमतिको ढाँचा र पेट्रोलियम प्रशोधनसम्बन्धी कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

२२. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछः–

(क) पेट्रोलियम सम्झौतामा रहने कुराहरूको सम्बन्धमा,

(ख) पेट्रोलियम सम्झौता अन्तर्गतको क्षेत्रको सर्वेक्षण, नाप, नक्शा र पेट्रोलियम क्षेत्रको परित्याग सम्बन्धमा,

(ग) ठेकेदारहरूको छनौटको सम्बन्धमा,

(घ) पेट्रोलियम कार्य गर्दा अपनाउनु पर्ने सुरक्षा व्यवस्थाको सम्बन्धमा,

(ङ) ठेकदारले दिनु पर्ने सूचना तथा प्रतिवेदनको सम्बन्धमा,

(च) निरीक्षण र जाँचबुझ गर्ने प्रक्रियाका सम्बन्धमा ।

२३. अधिकार प्रत्यायोजनः श्री ५ को सरकारले आवश्यक एवं उचित ठहऱ्याएमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार कुनै निकायलाई सुम्पन सक्नेछ ।

२४. बचाउः (१) ठेकेदार एवं कटकेन्दारका सम्बन्धमा बोनस ऐन, २०३० को दफा ५ र दफा १३ सम्बन्धी व्यवस्था लागू हुनेछैन ।

(२) ठेकेदार एवं कटकेन्दारको सम्बन्धमा विदेशी लगानी र प्रविधि सम्बन्धी ऐन, २०३८ र औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गतको कुनै पनि व्यवस्था लागू हुनेछैन ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुरामा सोही बमोजिम हुनेछ ।

२५. संशोधनः नेपाल खानी ऐन, २०२३ को,–

(१) दफा २ को,

(क) खण्ड (क) मा रहेको र सो शब्दले प्राकृतिक अवस्थामा रहेको ग्याँस वा तेलको कुवा वा इनार रहेको ठाउँलाई समेत जनाउँछ भन्ने वाक्याँश झिकिएको छ ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) खनिज पदार्थ भन्नाले जमीनबाट निकाल्न सकिने पेट्रोलियम बाहेक सबै किसिमको प्राकृतिक पदार्थ सम्झनुपर्छ ।"

(२) दफा १६ को उपदफा (२) को खण्ड (च) झिकिएको छ ।

आज्ञाले,

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

लालमोहर सदर मितिः– २०४०।६।२४।२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४३

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४० सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### धितोपत्र कारोवार सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न र देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताहरूको हितको संरक्षण गर्न र उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन धितोपत्रको कारोवारलाई व्यवस्थित र नियमित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "धितोपत्र कारोबार ऐन, २०४०" रहेको छ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिमा प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कारोवार" भन्नाले धितोपत्रको खरीद बिक्री र तत्सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ख) "केन्द्र" भन्नाले दफा ५ बमोजिम दर्ता भएको धितोपत्र कारोवार केन्द्र सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "दलाल" (ब्रोकर) भन्नाले दफा १८ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ङ) "धितोपत्र (सेक्यूरिटी)" भन्नाले शेयर, स्टक, वण्ड, डिवेन्चर स्टक र श्री ५ को सरकारले जारी गरेको ऋणपत्र सम्झनुपर्छ र सो शब्दले धितोपत्रको धरौटी सम्बन्धी भर्पाई, धितोपत्र सम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँदछ ।

(च) "सम्बन्धित कार्यालय" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मन्त्रालय वा कार्यालय सम्झनुपर्छ ।

(छ) "सूचिकरण" भन्नाले निष्काशन गरिएका धितोपत्रहरूको कारोवार हुन सक्ने गराउन केन्द्रमा दर्ता गर्ने गराउने कार्य सम्झनुपर्छ ।

(ज) "संगठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित भएको पब्लिक लिमिटेड कम्पनी वा खुला रूपमा धितोपत्र जारी गर्न पाउने संगठित संस्था सम्झनुपर्छ ।

## परिच्छेद– २

## धितोपत्र कारोवार सम्बन्धी

३. कारोवार गर्न नपाउने: यो ऐन प्रारम्भ भएपछि केन्द्र वा त्यस्तो केन्द्रमार्फत दलाल बाहेक अरू कुनै व्यक्ति वा संस्थाले धितोपत्रको कारोवार गर्न गराउन पाउनेछैन ।

४. दर्ताको लागि निवेदन दिनु पर्ने: (१) धितोपत्रको कारोवार गर्न गराउन चाहने संगठित संस्थाले केन्द्रको रूपमा दर्ता हुन तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा सम्बन्धित संगठित संस्थाले प्रवन्धपत्र र नियमावली संलग्न गरी तोकिए बमोजिको विवरण खुलाउनुको साथै देहायका कागजातहरू समेत संलग्न गर्नु पर्नेछ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) धितोपत्र कारोवार सञ्चालन सम्बन्धी कागजात,

(ख) सूचिकरणको कार्यविधि तथा शर्तहरू सम्बन्धी कागजात,

(ग) दलाल सम्बन्धी कागजात,

(घ) केन्द्रको सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी कागजात,

(ङ) केन्द्रका पदाधिकारी तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी कागजात ।

५. धितोपत्र कारोवार केन्द्रको दर्ता: (१) दफा ४ बमोजिम निवेदन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा धितोपत्र कारोवार केन्द्रको रूपमा दर्ता गरी निवेदकलाई दर्ताको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र दिंदा सम्बन्धित कार्यालयले देशको मौद्रिक तथा वित्तीय स्थितिलाई ध्यानमा राखी निवेदनसाथ पेश भएको कागजातहरूको विवरणमा आवश्यक हेरफेर वा थपघट गरी केन्द्रले कार्य संचालन गर्दा पालन गर्नु पर्ने शर्तहरू समेत तोकी दिन सक्नेछ र त्यस्तो शर्तहरूको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

(३) दर्ताको प्रमाणपत्रको ढाँचा र दस्तूर तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम कुनै संगठित संस्थालाई केन्द्रको रूपमा दर्ता गरिएको कुराको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

६. दर्ता हुन नसक्ने: दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि संगठित संस्था केन्द्रको रूपमा दर्ता हुन सक्नेछैन ।

(क) उद्योगधन्दाको विकास र विद्यमान कारोवारको आधारमा केन्द्र स्थापना गर्न आवश्यक नभएमा,

(ख) लगानीकर्ताको सुविधा र हितको लागि केन्द्र स्थापना गर्न उपयुक्त नभएमा वा,

(ग) सम्बन्धित संगठित संस्थाको चुक्ता पूंजी बीस लाख रूपैयाँभन्दा कम भएमा ।

७. दर्ता स्थगित वा खारेज हुन सक्ने: (१) सम्बन्धित कार्यालयले देहायको अवस्थामा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै केन्द्रको दर्ता खारेज गर्न वा सोही सूचनामा तोकिएको अवधिसम्मको लागि स्थगित गर्न सक्नेछ:–

(क) दर्ताको प्रमाणपत्र पाएको मितिले ६ महीनासम्ममा पनि कार्य सञ्चालन गर्न नसकेमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४४८

(ख) दफा ५ को उपदफा (२) बमोजिम पालन गर्नु पर्ने शर्तहरू पालन नगरेमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वखिलाप कुनै काम गरेमा,

(घ) प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गर्न नसकेमा,

(ङ) उद्योगधन्दाको विकास र लगानीकर्ताको सुविधा र हितको लागि सम्बन्धित कार्यालयले दिएको आदेश वा निर्देशन बमोजिम काम नगरेमा,

(च) केन्द्र स्वयंले दर्ता खारेजीको लागि निवेदन दिएमा ।

(२) उपदफा (१) को खण्ड (च) को अवस्थामा बाहेक अन्य अवस्थामा कुनै केन्द्रको दर्ता स्थगित वा खारेज गर्नुभन्दा अगाडि सम्बन्धित कार्यालयले सम्बन्धित केन्द्रलाई आफ्नो सफाइको सबूद पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै केन्द्रको दर्ता खारेज भएमा खारेज हुनु भन्दा अघि सो केन्द्रले गरेको काम कारवाईमा कुनै प्रतिकूल असर पर्नेछैन ।

## परिच्छेद–३

## धितोपत्रको सूचिकरण सम्बन्धी

८. सूचिकरण गराउनु पर्नेः (१) संगठित संस्थाले आफूले निष्काशन तथा बाँडफाँड गरेको धितोपत्रको सूचिकरण गराउन पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि निष्काशन तथा बाँडफाँड गरिएको धितो-पत्रको सूचिकरण यो ऐन प्रारम्भ भएको मितिले ६ महीनासम्ममा गराई सक्नु पर्नेछ ।

९. सूचिकरण नभएको वा खारेज भएको धितोपत्रको कारोवार हुन नसक्नेः यस ऐन बमोजिम सूचिकरण नभएको वा सूचिकरण खारेज भएको धितोपत्रको कारोवार गर्न पाइनेछैन ।

१०. सूचिकरणको लागि निवेदन दिनुपर्नेः (१) धितोपत्रको सूचिकरण गराउन संगठित संस्थाले तोकिएको ढाँचामा केन्द्रमा निवेदन दिनु पर्नेछः–

(२) उपदफा (१) बमोजिमको निवेदनमा तोकिए बमोजिमको विवरण खुलाई देहायको कागजातहरू समेत संलग्न गर्नु पर्नेछ ।

(क) प्रवन्धपत्र र नियमावली वा तोकिएको अन्य कागजात,

(ख) धितोपत्रवालाहरूको सूची,

(ग) वासलात तथा नाफा नोक्सानीको हिसाब र तत्सम्बन्धी अन्य कागजपत्र।

११. धितोपत्रको सूचिकरणः (१) दफा १० बमोजिम निवेदन परेमा केन्द्रले आवश्यक जाँचबुझ गरी धितोपत्रको सूचिकरण गरी सम्बन्धित संगठित संस्थालाई सूचना दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित कार्यालयलाई पनि दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम धितोपत्रको सूचिकरण गर्न केन्द्रले आवश्यक देखेमा सम्बन्धित संगठित संस्थासंग थप विवरण र कागजात माग गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम धितोपत्रको सूचिकरण गरिएकोमा त्यसको सूचना केन्द्रले लगानीकर्ताको जानकारीको लागि पत्र-पत्रिकामा प्रकाशित गर्नुपर्नेछ ।

१२. सूचिकरण शुल्कः धितोपत्रको सूचिकरण गराउने संगठित संस्थाले केन्द्रलाई तोकिए बमोजिमको सूचिकरण शुल्क र वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

१३. सूचिकरण गर्न इन्कार गर्न सकिनेः (१) देहायको अवस्थामा केन्द्रले कुनै संगठित संस्थाको कुनै धितोपत्रको सूचिकरण गर्न इन्कार वा स्थगन गर्न सक्नेछः

(क) शेयरवालाको संख्या र पूंजीको बाँडफाँडको आधारमा गतिशील कारोवार हुन नसक्ने देखिएमा,

(ख) सरल र सुलभ तरीकाले धितोपत्रको हस्तान्तरण वा नामसारी हुन नसक्ने भएमा,

(ग) आर्थिक र वित्तीय स्थिति सन्तोषजनक नदेखिएमा,

(घ) अन्य कुनै मनासिब कारण भएमा ।

(२) उपदफा (१) बमोजिम धितोपत्रको सूचिकरण गर्न इन्कार वा स्थगन गरिएमा त्यसको कारण खोली सम्बन्धित संगठित संस्थालाई सूचना दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित कार्यालयलाई पनि दिनु पर्नेछ ।

१४. सूचिकरण खारेज हुन सक्नेः (१) देहायको अवस्थामा केन्द्रले कुनै संगठित संस्थाको कुनै धितोपत्रको सूचिकरण खारेज गर्न सक्नेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूको बर्खिलाप काम गरेमा,

(ख) केन्द्रले दिएको आदेश वा निर्देशन बमोजिम गर्नु पर्ने काम नगरेमा,

(ग) लगानीकर्ताको सुविधा र हितको लागि सूचिकरण खारेज गर्न आवश्यक भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै धितोपत्रको सूचिकरण खारेज गर्नुभन्दा अगाडि केन्द्रले सम्बन्धित संगठित संस्थालाई आफ्नो सफाइको सबूद पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम कुनै धितोपत्रको सूचिकरण खारेज गरिएकोमा त्यसको सूचना सम्बन्धित संगठित संस्थालाई दिनु पर्नेछ र त्यसको जानकारी सम्बन्धित कार्यालयलाई पनि दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम कुनै धितोपत्रको सूचिकरण खारेज गरिएकोमा त्यसको सूचना लगानीकर्ताको जानकारीको लागि पत्र-पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. उजूर गर्न सकिने: (१) केन्द्रले दफा १३ बमोजिम धितोपत्रको सूचिकरण गर्न इन्कार गरेमा वा दफा १४ बमोजिम धितोपत्रको सूचिकरण खारेज गरेकोमा चित्त नबुझ्ने संगठित संस्थाले त्यसको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित कार्यालयमा उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरीमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी अन्तिम निर्णय गर्नेछ ।

१६. सूचिकरण सम्बन्धी अन्य व्यवस्था: सूचिकरणको सम्बन्धमा सम्बन्धित संगठित संस्थाले पालन गर्नु पर्ने शर्त तथा सूचिकरण सम्बन्धी अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## दलाल सम्बन्धी

१७. इजाजतपत्र लिनुपर्ने: दलालको रूपमा धितोपत्रको कारोवार गर्न चाहने व्यक्ति वा संस्थाले इजाजतपत्रको लागि विनियममा तोकिएको ढाँचामा सोही विनियममा तोकिए बमोजिमको विवरण र कागजात संलग्न गरी केन्द्रमा निवेदन दिनु पर्नेछ ।

१८. दलालको दर्ता: दफा १७ बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाँच-बुझ गरी दलालको नाम र तत्सम्बन्धी अन्य कुराहरू दर्ता किताबमा जनाई निवेदकलाई इजाजतपत्र दिन सक्नेछ ।

१९. इजाजतपत्रको दस्तूर, अवधि र नवीकरण: यस ऐन बमोजिम दलाल भई काम गर्न चाहने व्यक्ति वा संस्थालाई दिइने इजाजतपत्रको दस्तूर, अवधि र नवीकरण तथा नवीकरण दस्तूर तोकिए बमोजिम हुनेछ ।

२०. दलाल सम्बन्धी अन्य व्यवस्था: दलालको योग्यता, दलालले पालन गर्नु पर्ने शर्त र लिन पाउने कमिशन, दलालको इजाजतपत्र निलम्बन वा खारेज हुने अवस्था तथा दलाल सम्बन्धी अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## सम्बन्धित कार्यालयको अधिकार सम्बन्धी

२१. सञ्चालकको नियुक्ति: सम्बन्धित कार्यालयले केन्द्रको सञ्चालक समितिमा बढीमा दुईजना सञ्चालकहरू नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्त गरिने सञ्चालकहरू मध्ये एकजना कानून विशेषज्ञ हुनु पर्नेछ ।

२२. आदेश वा निर्देशन दिन सक्ने: सम्बन्धित कार्यालयले देशको मौद्रिक तथा वित्तीय स्थितिलाई ध्यानमा राखी केन्द्रलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. निरीक्षण तथा जाँचबुझः (१) सम्बन्धित कार्यालयले आवश्यक देखेमा जुनसुकै बेला केन्द्रको काम कारवाई र कारोबारको निरीक्षण वा सो सम्बन्धमा आवश्यक जाँचबूझ गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित कार्यालयले नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै निकाय वा व्यक्तिलाई अधिकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अधिकृत निकाय वा व्यक्तिले निरीक्षण वा जाँचबुझको सम्बन्धमा मागेको केन्द्रको काम कारवाई र कारोवार सम्बन्धी कागजात र विवरण उपलब्ध गराउनु केन्द्रको सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूको कर्तव्य हुनेछ ।

(४) यस दफा बमोजिम निरीक्षण वा जाँचबुझ गर्दा अधिकृत निकाय वा व्यक्तिले अपनाउनु पर्ने कार्यविधि, दिनुपर्ने प्रतिवेदन र त्यसको कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–६
## दण्ड सजाय

२४. दण्ड सजायः (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई पाँच हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

(२) कसैले जानी जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा दिइएको आदेश वा निर्देशनको वखिलाप काम गरी सम्बन्धित संगठित संस्था वा केन्द्र वा लगानीकर्तालाई हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउने उद्योग गरेमा नोक्सानी बिगो असूल गरी निजलाई बिगो बमोजिम जरीवाना समेत हुनेछ ।

(३) कसैले जानी जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा दिइएको आदेश वा निर्देशन बमोजिम पेश गर्नु पर्ने कुनै कागजात वा विवरण पेश नगरेमा वा झुट्ठा कागजात वा विवरण पेश गरेमा निजलाई पाँच हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

(४) कसैले केन्द्रको लिखित स्वीकृति नलिई कुनै विवरणपत्रमा वा धितोपत्र सम्बन्धी विज्ञापनमा केन्द्रको नाम प्रयोग गरेमा दुई हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

२५. मुद्दा हेर्ने अधिकारः यस ऐन अन्तर्गतको मुद्दा मामिलामा शुरू कारवाई र किनारा गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ ।

## परिच्छेद–७
## विविध

२६. कारोवार स्थगित राख्न सकिनेः लगानीकर्ताहरूको सुविधा र हितको लागि आवश्यक देखिएमा केन्द्रले कुनै धितोपत्रको कारोवारलाई सम्बन्धित कार्यालयलाई सूचना दिई स्थगित राख्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. प्रतिवेदन पेश गर्न पर्नेः (१) केन्द्रले आफूले गरेको काम कारवाई तथा कारोवार सम्बन्धी देहाय बमोजिमको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछः–

(क) त्रैमासिक प्रतिवेदन,

(ख) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महीनाभित्र लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन ।

(२) दलालले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महीनाभित्र धितोपत्र सम्बन्धी आफूले गरेको काम कारवाईको वार्षिक प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

२८. विवरण पेश गर्नु पर्नेः दलालले वा आफ्नो धितोपत्र सूचिकरण गराउने सङ्गठित संस्थाले केन्द्रले मागेको धितोपत्र सम्बन्धी तथ्याङ्क, सूचना वा विवरण केन्द्रमा पेश गर्नु पर्नेछ ।

२९. आदेश वा निर्देशन पालना गर्नु पर्नेः केन्द्रले लगानीकर्ताको सुविधा र हितको लागि दलाललाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु दलालको कर्तव्य हुनेछ ।

३०. छुटः राष्ट्र ऋण ऐन, २०१७ अन्तर्गत श्री ५ को सरकारले जारी गरेको धितोपत्रको सूचिकरणको हकमा यस ऐनको कुनै पनि बन्देज लागू हुनेछैन ।

३१. परामर्श समितिः (१) धितोपत्रको कारोवारलाई व्यवस्थित र नियमित गर्ने सम्बन्धमा सम्बन्धित कार्यालयलाई परामर्श दिन श्री ५ को सरकारले एक परामर्श समिति गठन गर्न सक्नेछ ।

(२) समितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

नियमहरू बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले देहायका विषयमा नियमहरू बनाउन सक्नेछः–

(क) धितोपत्रको सूचिकरण सम्बन्धी,

(ख) कारोवार सञ्चालन सम्बन्धी,

(ग) केन्द्रको काम, कारवाई र कारोवारको निरीक्षण तथा जाँचबुझ सम्बन्धी,

(घ) दलालको इजाजतपत्रको दस्तूर, अवधि र नवीकरण सम्बन्धी,

(ङ) अन्य आवश्यक विषय ।

३३. विनियमहरू बनाउनेः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आफ्नो काम कारवाई व्यवस्थित रूपले सञ्चालन गर्नको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायका विषयमा विनियमहरू बनाउन सक्नेछ र त्यस्तो विनियमहरू सम्बन्धित कार्यालयबाट स्वीकृत भएपछि लागू हुनेछः–

(क) केन्द्रको काम, कारवाई र कारोवार सञ्चालन सम्बन्धी,

(ख) सूचिकरणको कार्यविधि तथा शर्त सम्बन्धी,

(ग) दलाल सम्बन्धी,

(घ) केन्द्रको सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धी,

(ङ) केन्द्रका पदाधिकारी तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी,

(च) अन्य आवश्यक विषय ।

३४. बचाउः यो ऐन प्रारम्भ हुनुभन्दा अघि कम्पनी ऐन, २०२१ बमोजिम दर्ता भई स्थापना भएको सेक्यरिटी खरीद बिक्री केन्द्र यस ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ हुनुअघि सो केन्द्रबाट भए गरेका काम, कारवाई र कारोवार यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का.मु सचिव

लालमोहर सदर मितिः– २०४०।६।२४।२

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२२